# आठबीस नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
राकमकर्णाली, दैलेख

६ नं. प्रदेश, नेपाल


प सं:२०७४।०७५ मिति:२०७५।३।६

च नं ५६३

श्री एभरेष्ट कम्प्युटर्स ट्रेड एण्ड सप्लायर्स

नारायण न पा १,दैलेख

**बिषय : ठेक्का सम्झौता गर्न आउने बारे ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको मिति २०७५।१।२३ को शिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार तपसिलको कार्य गर्न दर्ता हुन आएका शिलबन्दी दरभाउपत्रहरु मूल्यांकन गर्दा यस कार्यालयको बोलपत्र मूल्यांकन समितिको सिफारिस अनुसार त्यस सप्लायर्सको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्राभावग्राही पाइएकोले स्वीकृतिका लागि सिफारिस भई आएको हुँदा यस नगरपालिकाको मिति २०७५।३।६ को निर्णय अनुसार त्यस सप्लायर्सको बोलपत्र स्वीकृत गरी आजैका मिति देखि ७ दिन भित्र धरौटी बापतको रकम रु ३,८०,०००।-(अक्षरुपी तीन लाख असी हजार मात्र) यस नगरपालिकाको रा बा बैंक शाखा कार्यालय दैलेख स्थित धरौटी खाता नं ४०१०३०३००७११० मा नगद जम्मा गरेको सक्कलै भौचर वा सोही रकम बराबरको कम्तिमा एक बर्ष म्याद भएको मान्यता प्राप्त बैंकबाट यस नगरपालिकाको नाममा जारी भएको कार्य सम्पादन जमानत(परफरमेन्स बण्ड) संलग्न गरी आधिकारिक पत्र सहित ठेक्का सम्झौता गर्न आउनु हुन अनुरोध छ । तोकिएको समयमा तोकिएका कागजातसहित सम्झौता गर्न नआएमा नियमानुसार हुने ब्यहोरा समेत यसै पत्रद्वारा जानकारी गराइन्छ ।

तपसिल

| ठेक्का नम्बर | कामको विवरण | लागत अनुमान ( मू.अ. कर सहित) | न्युनतम मूल्यांकित कबोल अंक रु(मू अ कर सहित) | **आवश्यक धरौटी रकम** | कैफियत |
|---|---|---|---|---|---|
| ०२/२०७४।०७५ | सोलार सिस्टम आपूर्ति कार्य **(स्पेशिफिकेशन अनुसार)** | रु. १९,५०,०००।- | रु.१२,४०,१७५।- | २,७५,०००।-(दुई लाख पचहत्तर हजार मात्र) | आपूर्ति गर्नु पर्ने स्थान– आठबीस नगरपालिका र बिभिन्न वडाहरु |
| ०३/२०७४।०७५ | ल्याप टप कम्प्युटर र प्रिन्टर आपूर्ति कार्य **(स्पेशिफिकेशन अनुसार)** | रु. १५,००,०००।- | रु.११,९२,१५०।- | १,०५,०००।-(एक लाख पाँच हजार मात्र) | आपूर्ति गर्नु पर्ने स्थान– आठबीस नगरपालिका र बिभिन्न वडाहरु |